# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །ཤོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

१ नं. प्रदेश, नेपाल

मिति: २०७९।०९।२३

**विषय : भूमिहीन दलित, भूमीहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीले निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

राष्ट्रिय भूमि आयोग, ताहाचल, काठमाडौंको प्रकाशित सूचना बमोजिम यस नगरपालिका क्षेत्रभित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरूले आयोगले तोकेको ढाँचामा मिति २०७९ पौष ३० गतेभित्र आ-आफ्नो वडामा गई निवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजातहरू:**

**भूमिहीन दलित, भूमीहिन सुकुम्वासीले निवेदनसंग पेश गर्नु पर्ने कागजातहरू**

१. निवेदकको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी थान-१

२. निवेदकको पासपोर्ट साईजको फोटो थान-१

३. निवेदकको पति/पत्नीको पासपोर्ट साइजको फोटो थान१/१

४. परिवारका अन्य सदस्यहरूको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

५. निवेदक सुकुम्वासी भएको सिफारिस सक्कल थान-१

६. उपभोग प्रमाणपत्र सम्बन्धी कागजातको प्रतिलिपी

७. उपलब्ध अन्य प्रमाण

**अव्यवस्थित बसोबासी निवेदकले निवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरु:**

१. निवेदकको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी थान-१

२. निवेदकको पासपोर्ट साईजको फोटो थान-१

३. निवेदकको पति/पत्नीको पासपोर्ट साइजको फोटो थान१/१

४. निवेदक १० बर्ष अगाडिदेखि अव्यवस्थित बसोबासी भएको सम्बन्धित स्थानीय तहको सिफारिस सक्कल थान-१

५. परिवारका अन्य सदस्यहरूको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

६. हाल उपभोग गर्दै आएको जग्गाको प्रमाण भए सोको प्रतिलिपी थान-१

७. निवदेकको वा एका घरका अन्य सदस्यहरूको नाममा अन्यत्र रहेका जग्गाको पूर्जाको प्रतिलिपी

८. उपलब्ध अन्य प्रमाण

नोटः निवेदनको ढाँचा नगरपालिकाको वेभसाईट www.solududhkundamun.gov.np मा गई डाउनलोड गर्न सकिनेछ ।

**सोलुधदुधकुण्ड नगर कार्यपालिकाको, कार्यालय**

पिला राई

अधिकृत